कचनकवल गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बनियानी, झापा

पत्र संख्या: २०८०/०८१

कोशी. प्रदेश, नेपाल

पुण्य प्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत

## व्यापार व्यवसाय गर्ने व्यक्ति/ कम्पनि/ निकायलाई जरुरी सूचना

प्रकाशित मिति :- २०८१/०६/१३ ने.स ११४४ जलागा, द्वादशी

कचनकवल गाउँपालिका क्षेत्रभित्र संचालित खुद्रा तथा थोक बिक्रि स्थल (पसल) बाट बिक्रि वितरण गरिने वस्तु तथा सेवाहरु सम्बन्धमा देहाय बमोजिम गर्नु/ गराउनुहुन सम्बद्ध सबै व्यवसायीलाई अनुरोध गरिन्छ।

**देहाय :-**

१. मुल्य सूची बनाएर पसलको अग्रभागमा सबैले देख्ने गरी राख्नुपर्नेछ।
२. अङ्कित अधिकतम मूल्य (MRP) भन्दा बढी मूल्यमा बिक्रि वितरण नगर्ने सुनिश्चित गर्नुपर्नेछ।
३. उपभोग गर्ने अवधि (Non Expiry Date) बाँकी भएको मालसामान मात्र बिक्रि वितरण गर्नुपर्नेछ।
४. खाद्य, पेय तथा अन्य वस्तुको गुणस्तर, शुद्धता र स्वच्छता कायम गरिनुपर्नेछ।

अनुगमनका क्रममा माथि उल्लेखित अवस्था विपरित कसैले कुनै वस्तु वा सेवा बिक्रि वितरण गरेको पाईएमा, उजुरी परेमा वा गुनासो प्राप्त भएमा यस कार्यालयबाट खटिने अनुगमान टोलीका सदस्य वा कार्यालयबाट प्रचलित कानुन बमोजिम कारबाही गरिने व्यहोरा समेत यसै सूचना मार्फत सूचित गरिन्छ।

साथै स्वच्छ, गुणस्तर तथा सुपथ सामान प्राप्त गर्न सबै उपभोक्ताहरुलाई उल्लेख गरिएको अवस्था जाँचेर मात्र, बस्तु तथा सेवा खरिद गर्नुहुन अनुरोध गरिन्छ।

आर्थिक विकास महाशाखा